# प्राथमिक तहमा छात्रवृत्ति वितरण प्रक्रिया र विद्यार्थीमा पारेको प्रभाव

शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक आवश्यकता पुरा गर्नका लागि प्रस्तुत

शोधपत्र


शोधकर्ता :

किरण अधिकारी

परीक्षा रोल नं. २८००६१/०६६

त्रि.वि.दर्ता नं. ९-२-३७९-५३-२००४

त्रिभुवन विश्वविद्यालय

शिक्षा शास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं



२०६८

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह दोश्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन **विशिष्टीकरण** विषयको आवश्यकता परिपूर्तिका लागि  छात्र किरण अधिकारीले शोधपत्र शीर्षक **प्राथमिक तहमा छात्रवृत्ति वितरण प्रक्रिया र विद्यार्थीमा पारेको प्रभाव** मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म सन्तुष्ट भएकोले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

**शोधनिर्देशक**

ध्रुवप्रसाद निउरे

मितिः २०६८/०२/०६/०६

**स्वीकृति-पत्र**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह दोश्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन **विशिष्टीकरण** विषयको आवश्यकता परिपूर्तिका लागि " **प्राथमिक तहमा छात्रवृत्ति वितरण प्रक्रिया र विद्यार्थीमा पारेको प्रभाव**" शीर्षकमा **किरण अधिकारी**द्वारा तयार पारि आवश्यक मूल्याङ्कनका लागि यस मूल्याङ्कन समितिमा पेश गर्नु भएको शोधपत्र स्वीकृत गरिएको छ ।

| **मल्याङकन समिति** | **हस्ताक्षर** |
|---|---|
| सह.प्रा.**नारायण वस्नेत**<br>विभागीय प्रमुख | ..................................... |
| ध्रुवप्रसाद निउरे<br>शोधनिर्देशक) | .................................. |
| उप-प्रा. किरणराम रञ्जितकार<br>बाह्य परीक्षक | .................................. |
| उप-प्रा. शिवराज बडु<br>बाह्य परीक्षक | .................................. |

मितिः २०६८/०२/१३/०६

**कृतज्ञताज्ञापन**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह दोश्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन **विशिष्टीकरण** विषयको आंशिक आवश्यकता पूरा गर्नका लागि **"प्राथमिक तहमा छात्रवृत्ति वितरण प्रक्रिया र विद्यार्थीमा पारेको प्रभाव**" शीर्षकमा शोधपत्र लेख्ने कार्य सम्पन्न गरी प्रस्तुत गरेको छु ।

यस शोधपत्र अध्ययनको कार्यको सुरुदेखि अन्त्यसम्म नियमित निर्देशन र महत्वपूर्ण सुझावहरु दिई पथ प्रदर्शन गर्नुहुने शोध निर्देशक ध्रुवप्रसाद निउरे ज्यूप्रति हृदयदेखि आभार प्रकट गर्दछु । त्यसै गरी पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभागका विभागीय प्रमुख सह-प्राध्यापक श्री नारायण वस्नेत ज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । साथै उप-प्रा. किरणराम रञ्जितकार, उप-प्रा. शिवराज बडु, उप-प्रा. यशोधरा पन्त र उप-प्रा.विश्ववाला थापाज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा सहयोग पुऱ्याउने जब्दी र लालबन्दी गा.वि.स. अन्तर्गत नमुना छनोटमा परेका ४ वटै विद्यालयका वि.नि. प्र.अ., शिक्षक, स्रोतव्यक्ति, विद्यार्थी र अभिभावक तथा सम्पूर्ण विद्यालय परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

त्यसैगरी यस शोधपत्र तयार गर्दासम्म मलाई सदैव हरेक तवरबाट सहयोग पुऱ्याउनु हुने पिता चोमनप्रसाद अधिकारी र ममतामयी माता मेनुकादेवी अधिकारीप्रति हृदयदेखि आभार प्रकट गर्दछु ।

अन्तमा शोधपत्र टङ्कन गरी सहयोग पुऱ्याउने क्रिएटिभ कम्प्युटर सेन्टर नयाँ बजार, कीर्तिपुरकी दिव्या क्षेत्री 'पूर्णिमा' लाई पनि धन्यवाद दिन चाहन्छु ।

किरण अधिकारी

## शोधसार

**"प्राथमिक तहमा छात्रवृत्ति वितरण प्रक्रिया र विद्यार्थीमा पारेको प्रभाव"** शीर्षकको यो अध्ययन सर्लाही जिल्लाको जब्दी गा.वि.स. र लालबन्दी गा.वि.स. अन्तर्गत पर्ने श्री प्रा.वि. सिस्वा, श्री प्रा.वि. रन्जितपुर, श्री प्रा.वि. लालबन्दी- ५ र श्री प्रा.वि. लालबन्दी -३ मा गरिएको थियो । चारवटै विद्यालयका कक्षा १ देखि ५ सम्मका छात्रवृत्ति प्राप्त विद्यार्थी मध्येबाट प्रत्येक कक्षाबाट १ जना पर्ने गरी समान सम्भावनायुक्त नमुना छनोट विधिबाट जम्मा २० जना विद्यार्थी, ती विद्यार्थीका अभिभावक, चारवटै विद्यालयका प्रधानाध्यापक, ४ वटै विद्यालयबाट २ जनाका दरले समान सम्भावनायुक्त नमुना छनोट विधिद्वारा ८ जना शिक्षक र ती विद्यालयसँग सम्बन्धित १ जना वि.नि. लाई छनोट गरिएको थियो । यस अध्ययनको उद्देश्यहरुमा प्राथमिक तहमा छात्रवृत्ति वितरणको उद्देश्य, योजना र प्रक्रिया बीचको सम्बन्ध पत्ता लगाउनु, प्राथमिक तहमा छात्रवृत्ति वितरणका प्रभावहरुको लेखाजोखा गर्नु, र छात्रवृत्ति वितरण कार्यक्रमको सबल र दुर्बल पक्षहरुलाई पत्ता लगाउनु थियो । अनुसन्धानको क्रममा सूचना सङ्कलनका लागि असंरचित अन्तर्वार्ता सूची, खुल्ला प्रश्नावली अवलोकन फारम निर्माण गरी प्रयोग गरिएको थियो । विद्यालय निरीक्षक, प्रधानाध्यापक र शिक्षकसँग खुल्ला प्रश्नावली, विद्याथीसँग अवलोकन फाराम र असंरचित अन्तर्वार्ता फाराम र अभिभावक सँग असंरचित अन्तर्वार्ता फाराम भरी सूचना सङ्कलन गरिएको थियो ।

चारवटै विद्यालयका प्र.अ.शिक्षक, विद्यार्थी तयार अभिभावबाट छात्रवृत्तिका बारेमा सकारात्मक धारणा रहेको पाइयो । छनोटमा परेका ४ वटै विद्यालयमा छात्रवृत्ति रकम अनिवार्य रुपमा भरपाई गराई वितरण गरिएको, सबै जनजाति बालबालिकालाई छात्रवृत्ति कार्यक्रमले समेट्न नसकेको, छात्रवृत्तिको रकम समयमा वितरण नपरेको, छात्रवृत्तिबाट विद्यार्थी भर्ना बढेको, विद्यार्थी नियमित विद्यालय आएको, कक्षा क्रियाकलापमा विद्यार्थी सहभागिता बढेको जस्ता प्रभावहरु ती विद्यालयहरुमा देखिएका थिए । जस्तै छात्रवृत्ति वितरण गर्न विद्यार्थी छनोट गर्दा प्र.अ. र शिक्षक नै सर्वेसर्वा भएको, जेष्ठ महिनापछि छात्रवृत्तिको व्यवस्था नभएको जस्ता समस्यारु देखिएका थिए ।

यस अध्ययनमा छात्रवृत्तिका कारण ७५ प्रतिशत भन्दा बढी विद्यार्थी प्रथम श्रेणीमा पास भएका शिक्षक र विद्यार्थी र विद्यार्थी अभिभावक बीचको सम्बन्ध राम्रो भएको त्यस्तै छात्रवृत्तिले सबै विद्यार्थीलाई समेट्न नसकेको, छात्रवृत्ति रकमको कमी हुनु, छात्रवृत्ति रकम विद्यार्थी तथा अभिभावकले के कस्तो काममा खर्च गर्दछन् । त्यसको अनुगमन नहुनु, छात्रवृत्ति कार्यक्रम बारे अभिभावकलाई चेतनशील बनाउन नसक्नु जस्ता कुराहरु दिएका थिए । यस अध्ययन क्षेत्रका विद्यालयहरुमा छात्रवृत्ति कार्यक्रम राष्ट्रिय उद्देश्य बमोजिम ती विद्यालयका वि.नि. र प्र.अ.हरुले पनि उद्देश्य राखेको पाइयो त्यस्तै छात्रवृत्तिको योजना तथा प्रक्रियामा पनि ती विद्यालयहरुको सहभागिता

राम्रै देखिन्थ्यो । विद्यालयहरुमा दलित छात्रवृत्ति, पचास प्रतिशत छात्रवृत्ति आदीवासी जनजाति पिछडिएको वर्गका लागि छात्रवृत्ति तथा जेहेन्दार छात्रवृत्ति वितरण गरेको देखिन्छ ।

माथिका प्राप्त निष्कर्षका आधारमा शिक्षा कार्यालयको प्रतिनिधि एवम् अभिभावक समेतलाई राखेर विद्यार्थी छनोट निर्देशिका तयार पारी सोको आधारमा विद्यार्थी छनोट गर्नु पर्ने, विद्यालयमा जेष्ठ १५ गते पछि भर्ना हुन आएकालाई पनि छात्रवृत्ति प्रदान गर्नु पर्ने , छात्रवृत्ति रकमलाई बढाउनु पर्ने, त्यस्तै छात्रवृत्तिको रकमको सदुपयोगको बारेमा अभिभावकलाई चेनाशील बनाउनुपर्ने, विद्यालय भेला गराउँदा अभिभावकलाई अनिवार्य रुपमा सहभागी गराउनपर्ने साथै विद्यालयहरुमा समयमा नै छात्रवृत्तिको रकम उपलब्ध गराउनु पर्ने, छात्रवृत्ति वितरण गरिसके पछि अनिवार्य रुपमा अनुगमनको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

## विषयसूची


**पृष्ठ**

**सिफारिसपत्र** i

**स्वीकृति पत्र** ii

**कृतज्ञताज्ञापन** iii

**शोधसार** iv

**विषयसूची** vi

**तालिका सूची** ix

**परिच्छेद एक : परिचय**

१.१ अध्ययनको सन्दर्भ ३

१.१.१ अध्ययनको पृष्ठभूमि ४

१.१.२ अध्ययन क्षेत्रको पृष्ठभूमि ५

१.२ समस्याको कथन ६

१.३ अनुसन्धान प्रश्नहरू ६

१.४ अध्ययनको उद्देश्य ७

१.५ अध्ययनको औचित्य ७

१.६ अध्ययनको परिसीमा ८

१.७ शब्दावलीको परिभाषा ९

**परिच्छेद दुई : पूर्वसाहित्यको समीक्षा**

२.१ सैद्धान्तिक ढाँचा १०

२.२ अध्ययनहरुको पुनरावलोकन १२

२.३ अवधारणात्मक ढाँचा १४

**अध्याय तीन : अध्ययन विधि**

३.१ अध्ययनको ढाँचा १६

३.२ अध्ययनको जनसंख्या १६

३.३ नमुना छनोट १७

३.३.१ अध्ययन क्षेत्रको छनोट १७

३.३.२ विद्यार्थी छनोट १७

३.३.३ अभिभावक छनोट १७

३.३.४ शिक्षक छनोट १७

३.३.५ प्र.अ. को छनोट १८

३.३.६ वि.नि.को छनोट १८

३.४ सूचना सङ्कलनका साधनहरुको निर्माण १८

३.४.१ अन्तर्वार्ता सूची १८

३.४.२ दस्तावेज अध्ययन १८

३.४.३ अवलोकन फारम १८

३.४.४ प्रश्नावली १९

३.५ साधनको वैधता १९

३.६ सूचना सङ्कलन प्रक्रिया १९

३.७ सूचनाको विश्लेषण प्रक्रिया १९

**परिच्छेद चार : सूचनाको विश्लेषण र व्याख्या**

४.१ छात्रवृत्ति वितरणको उद्देश्य, योजना र प्रक्रियाहरु बीचको सम्बन्ध २०

४.१.१ छात्रवृत्ति वितरणका उद्देश्य २०

४.१.२ छात्रवृत्ति वितरण योजना २१

४.१.३ छात्रवृत्ति वितरणको प्रक्रिया २२

४.१.४ अध्ययन क्षेत्रमा वितरण गरिएको छात्रवृत्तिका रुपहरु २५

४.२ प्राथमिक तहमा छात्रवृत्ति वितरणका प्रभावहरु २८

४.२.१ छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थी भर्नामा पारेको प्रभाव २८

४.२.२ छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थीको नियमिततामा पारेको प्रभाव २९

४.२.३ छात्रवृत्तिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव ३१

४.२.४ छात्रवृत्तिले शिक्षक र विद्यार्थीबीचको सम्बन्धमा पारेको प्रभाव ३२

४.२.५ छात्रवृत्ति प्राप्त विद्यार्थीको अतिरिक्त क्रियाकलापमा सहभागिता ३३

४.२.६ छात्रवृत्तिले विद्यार्थीहरुको कक्षा क्रियाकलापमा पारेको प्रभाव ३४

४.३ छात्रवृत्ति वितरण कार्यक्रमको सवल र दुर्बल पक्षहरु ३४

४.३.१ छात्रवृत्ति वितरण कार्यक्रमको सवल पक्षहरु ३४

४.३.२ छात्रवृत्ति कार्यक्रमको दुबर्ल कमिकमजोरीहरु ३५

४.३.३ छात्रवृत्ति वितरण प्रक्रियाको अनुगमनमा रहेका कमीकमजोरीहरु ३६

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष तथा सुझावहरु**


५.१ प्राप्ति ३७

५.२ निश्कर्ष ३८

५.३ सुझावहरु ३९

**सन्दर्भग्रन्थसूची** ४१

**अनुसूचीहरु**

## तालिका सूची

पृष्ठ

तालिका नं १ : छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थी भर्नामा पारेको प्रभाव २९

तालिका नं २ : छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थी नियमितता पारेको प्रभाव ३०

तालिका नं ३ : छात्रवृत्ति वितरण कार्यक्रमले शैक्षिक उपलब्धिमा पारेको प्रभाव ३१

तालिका नं ४ : छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षक र विद्यार्थीबीचमा ल्याएको सम्बन्ध ३२

तालिका नं ५ : छात्रवृत्ति वितरण कार्यक्रमले अतिरिक्त क्रियाकलामा सहभागिता स्थिति ३३